का.जि.प्र.का.द.नं. १००/०५१/५०
३० असोज २०८३
शुक्रबार
16 October 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ई-पेपर हेर्न
वर्ष २४, अंक २६७। पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

## दसैंमा खाली आँगन
# बाटो हेर्दै बा-आमा



पढाइ, रोजगारी र भविष्यको खोजीमा सहर तथा विदेश पुगेका सन्तान घर नफर्किंदा दसैंमा बिछोडको पीडा पनि बर्सेनि बढ्दै गइरहेको छ। दसैंमा गाउँघर सजिन्छन्, तर धेरै आमाबुवाका आँगन छोराछोरीको प्रतीक्षामा खाली छन्।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २९ असोज

बागलुङका विकास शर्मा अमेरिका बस्न थालेको १२ वर्ष भयो । अमेरिका पुगेयता उनले परिवारसँग दसैं मनाउन पाएका छैनन् । यता नेपालमा उनका बुवाआमा भने हरेक वर्ष छोरा फर्किने आशामा दसैं कुर्छन् ।

यो वर्ष पनि शर्माले दसैंमा घर आउने आशा देखाएका थिए । परिवारले छोरा फर्किने प्रतीक्षा गऱ्यो । तर दसैंको मुखैमा उनले घर आउन नसक्ने जानकारी दिए । 'परदेश त दलदल रहेछ । यहाँ फसेपछि उम्किनै गाह्रो हुने रहेछ,' उनी भन्छन्, मन त थियो नि, परिस्थितिले साथ दिँदैन ।

अमेरिकामा उनी अपार्टमेन्टमा सँगै बस्ने साथीभाइसँग दसैं मनाउँछन् । नेपालमा उनका बुवाआमाको दसैं भने छोराको प्रतीक्षामै बित्छ । यो नै परदेशमा रहेका धेरै नेपालीको पृष्ठ २ मा




# दसैंमा लड्डु !

खाडी मुलुकमा रोजगारी गर्न गएका नेपालीहरू सबैको उस्तै-उस्तै पारिवारिक पृष्ठभूमि पाइन्छ। परदेशमा पनि उस्तै तरिकाले चाडपर्व मनाउँछन्। मिल्दा खसी काटेरै खान्छन्। नमिल्दा लड्डुमै रमाउँछन्। परिवारसँग टेलिफोनमा कुराकानी गर्छन्। कसैले मोबाइलको स्क्रिनमै टीका लगाएर आशीर्वाद लिन्छन् त कसैले अर्को दसैंमा भेट्ने वाचा गर्छन्।

**विमला ढकाल/मध्यान्ह**
काठमाडौं, २९ असोज

सिरहाको मिर्चैयाका रवीन्द्र यादव १८ वर्षदेखि कतारमा छन् । 'बेला-बेला घर आउँछु । यो १८ वर्षमा केही दसैं नेपाल आएर पनि मनाएको छु,' उनी भन्छन्, 'यसपालि त कतारमै भएकाले ड्युटीमा जानुपर्छ ।'

निर्माण क्षेत्रमा काम गर्ने रवीन्द्र समय निकालेरै भए पनि दसैंमा परिवारसँग टेलिफोनमा कुरा गर्छन् । यादवका अनुसार सिरहामा उत्साहका साथ दुर्गा पूजा हुने गर्छ । कतारमा रहँदा उनलाई यसकै ज्यादा याद आउँछ। विदेशमा रहँदा उनी यसपालि दुर्गा पूजा कस्तो भयो ? कस्तो हुँदै छ भनेर परिवारलाई सोध्छन् । पृष्ठ २ मा

# दसैंलाई चुनावी अभियान बनाउँदै दलहरू

## रास्वपाले औपचारिक रूपमै अभियान चलाउने, कांग्रेस, एमाले र नेकपा अनौपचारिक संवादमा

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २९ असोज

स्थानीय तहको निर्वाचनमा पहिलोपटक भाग लिने तयारीमा रहेको सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले दसैं बिदालाई चुनावी अभियानका रूपमा उपयोग गर्ने भएको छ। सरकारले आगामी स्थानीय तहको निर्वाचन फागुनमै गर्ने तयारी गरिरहेका बेला रास्वपाले दसैंलाई चुनाव केन्द्रित गतिविधिको महत्वपूर्ण अवसर बनाएको हो ।

चाडपर्वका बेला सहरबाट गाउँ फर्किने नागरिकसँग भेटघाट र संवाद गर्ने अवसरलाई दलहरूले राजनीतिक गतिविधिका लागि उपयोग गर्न खोजेका छन् । नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले अनौपचारिक रूपमा नागरिकसँग संवाद गर्ने तयारी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा ५५ नेपालीसहित ४९२ कामदार पक्राउ

**तिलोचन गौतम/मध्यान्ह**
जोहोर बारु, मलेसिया, २९ असोज

मलेसियाको जोहोर राज्यस्थित एक कारखानामा अध्यागमन विभागले छापा मार्दा ५५ नेपालीसहित ४९२ आप्रवासी कामदार पक्राउ परेका छन् । जोहोर राज्यस्थित तेब्राउ औद्योगिक क्षेत्रमा रहेको अटोमोटिभ पार्टपुर्जा तथा इलेक्ट्रोनिक्स उत्पादन गर्ने एक कारखानामा अध्यागमन विभागले छापा मार्दा ४८ नेपाली पुरुष र ७ नेपाली महिलासहित ४९२ आप्रवासी कामदार पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
३० असोज २०८३ शुक्रबार
16 October 2026 Friday

# न्यायाधीश बम हत्याका अभियुक्त बाबु थापा पक्राउ

**मध्यान्ह संवाद्दाता**
काठमाडौं, २९ असोज

सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश रणबहादुर बमको हत्या प्रकरणमा जन्मकैदको सजाय सुनाइएका बाबु थापा पक्राउ परेका छन् । उनी काठमाडौंको केन्द्रीय कारागारबाट रहेर सजाय भोगिरहेका थिए । जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते केन्द्रीय कारागारबाट फरार भएका थिए । उनै थापालाई प्रहरीले सर्लाहीबाट पक्राउ गरेको हो । सर्लाहीको बागमती नगरपालिका-स्थित मिलनचोकमा रहेको आफ्नै घरमा रहेका बेला उनलाई बुधबार राति पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

थापा घरमा आएको सूचना पाएपछि प्रहरीले निगरानी बढाएर पक्राउ गरेको हो ।

प्रहरीले थापाको साथबाट दुई थान पेस्तोल, तीनवटा म्यागजिन र १५ राउन्ड गोलीसमेत बरामद गरेको छ । यससँगै हातहतियार तथा खरखजाना सम्बन्धी कसुरमा उनीविरुद्ध सर्लाही जिल्ला अदालतमा मुद्दा प्रक्रिया अघि बढाउने तयारी गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार थापा जेनजी आन्दोलनका क्रममा भागेपछि भेष बदलेर बस्ने तथा आवश्यक पर्दा अरूको मोबाइल प्रयोग गरेर सम्पर्क गर्ने गर्दथे । यही सूचनाका आधारमा प्रहरीले उनको खोजी गरिरहेको थियो ।



न्यायाधीश बमको हत्या प्रकरणमा दोषी ठहर भएका थापा यसअघि पनि लामो समयको खोजीपछि पक्राउ परेका थिए । २०७१ सालमा थापालाई पक्राउ गरेर अदालतमा पेस गरेको थियो । त्यतिबेला थापाको पक्राउलाई प्रहरीका लागि महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइएको थियो । केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले उनलाई सार्वजनिक गर्दा तत्कालीन प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालसमेत पत्रकार सम्मेलनमा उपस्थित भएका थिए ।

अर्यालले थापाको पक्राउलाई प्रहरीको घाँटीमा अड्किएको काँडा निकालिए सरह भएको टिप्पणी गरेका थिए ।

थापा चुरेभावर राष्ट्रिय पार्टीका तत्कालीन उपाध्यक्ष थिए । पार्टीभित्रको नेतृत्व विवाद र सर्वोच्च अदालतको अन्तरिम आदेशसँग जोडिएका न्यायाधीश बमको हत्या भयो । सोही हत्या प्रकरणमा दोषी ठहर भएपछि थापा जन्मकैदको सजाय भोगिरहेका थिए ।

सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश रणबहादुर बमको १८ जेठ २०६९ मा ललितपुरको यूएन पार्क क्षेत्रमा गोली हानी हत्या गरिएको थियो । बंगलामुखी मन्दिरमा दर्शन गरेर फर्कने क्रममा उनको गाडी रोकेर गोली प्रहार गरिएको थियो । प्रहरी अनुसन्धानअनुसार हत्याको पृष्ठभूमिमा चुरेभावर राष्ट्रिय पार्टीभित्रको नेतृत्व विवाद र सर्वोच्च अदालतको अन्तरिम आदेश जोडिएका थिए । पार्टीको नेतृत्वसम्बन्धी विवाद निर्वाचन आयोगसम्म पुगेपछि आयोगले केशव मैनालीको सट्टा बाबु थापा नेतृत्वको समूहलाई वैधानिकता दिएको थियो । आयोगको निर्णयविरुद्ध मैनाली सर्वोच्च अदालत पुगेका थिए । त्यसपछि न्यायाधीश बमको एकल इजलासले थापा नेतृत्वको समूहलाई वैधानिकता दिने निर्वाचन आयोगको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो । अनुसन्धानका क्रममा उक्त आदेशले आफ्नो राजनीतिक भविष्य समाप्त हुने ठानेपछि थापाले हत्याको योजना बनाएको निष्कर्ष निकालिएको थियो । तत्कालीन अनुसन्धान अधिकारीहरूले पार्टीभित्रको विवाद र अदालतको आदेशलाई हत्याको प्रमुख कारणका रूपमा व्याख्या गरेका थिए ।

# वैदेशिक रोजगार पृष्ठभूमिका दुई नेता कांग्रेस केन्द्रीय सदस्यमा निर्वाचित

**काठमाडौं/मस–** नेपाली कांग्रेसको केन्द्रीय सदस्यमा वैदेशिक रोजगार पृष्ठभूमिका दुई नेता निर्वाचित भएका छन् । पार्टीको १५औं महाधिवेशनबाट खुला केन्द्रीय सदस्यमा तिलक रानाभाट र किरण किशोर घिमिरे निर्वाचित भएका हुन् । रानाभाट र घिमिरे दुवै नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष हुन् । रानाभाट नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्षसमेत हुन् । खुला ४५ केन्द्रीय सदस्यमा ३७औं स्थानमा विजयी रानाभाटले २ हजार २३८ मत पाउँदा ३८औं स्थानमा विजयी घिमिरेले २ हजार २२८ मत पाए ।




नेपाली कांग्रेसको सहमहामन्त्री (मुस्लिमतर्फ) मा प्रतिस्पर्धा गरेका अर्का प्रतिष्ठित व्यवसायी अब्दुल सत्तार भने जित निकाल्न असफल भए । उक्त पदमा मोहम्मद फिरदोष आलम निर्वाचित भए । यसअघि केन्द्रीय समितिमा प्रवेशसमेत नगरेका आलम स्व. शेख इद्रिसका नाति तथा स्व. आफताब आलमका छोरा हुन् । नेपाली कांग्रेसको राजनीतिमा तराईका खम्बाका रूपमा रहेका इद्रिसप्रतिको सहानुभूतिको मत आलमलाई जाँदा योग्य र कर्मठ छवि भए पनि सत्तार पछि परेको मतदाताको प्रारम्भिक आकलन छ । सहमहामन्त्रीमा विजयी फिरदोष मधेश प्रदेशबाट प्रत्यक्ष निर्वाचित हुने कांग्रेसका एक्ला सांसद हुन् ।

उक्त पदका लागि १४औं महाधिवेशनबाट केन्द्रीय समिति सदस्य बनेका अतहर कमाल मुसलमान पनि उम्मेदवार थिए । आलमले ३ हजार ३४७ मत पाउँदा सत्तारले २ हजार ७२७ र मुसलमानले ५५७ मत पाए । मुस्लिम कोटामा केन्द्रीय सदस्यका उम्मेदवार जवारदिन मिया मुन्नाले पनि जित निकाल्न सकेनन् ।

केही समयअघि व्यवसायबाट अलग भएको घोषणा गरेका ऋषि शर्मा खुला केन्द्रीय सदस्य, राधिका कटुवाल खुला महिला सदस्य, ऋषिराम कँडेल खसआर्य, अभिनयमान सिंह बस्न्यात ३५ वर्षमुनि केन्द्रीय सदस्य, कमल तामाङ र युवराज गुरुङ जनजाति केन्द्रीय सदस्य तथा राजेश्वरकुमार राय अपाङ्गतातर्फ केन्द्रीय सदस्यका उम्मेदवार थिए । उनीहरूले पनि जित निकाल्न सकेनन् । उनीहरूले राम्रो मत ल्याए पनि जितका लागि पर्याप्त भएन ।

महाधिवेशनमा हाल एसोसिएसनमा आबद्ध १६ जना व्यवसायीसहित विगतमा वैदेशिक रोजगार व्यवसायमा जोडिएर अलग भएका गरी ४० जनाको हाराहारीमा महाधिवेशन प्रतिनिधि रहेका थिए ।

# केमन आइल्यान्डमा निधन भएका नेजमुल्लाहको परिवारलाई आर्थिक सहयोग

**जर्ज टाउन, केमन आइल्यान्ड/मस–** केमन आइल्यान्डमा निधन भएका रूपन्देहीका नेजमुल्लाहको परिवारलाई २८ लाख ३६ हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग हस्तान्तरण गरिएको छ ।

वैदेशिक रोजगारीका क्रममा केमन आइल्यान्ड पुगेका रूपन्देहीका ३९ वर्षीय नेजमुल्लाह (नेजा) खानको असामयिक निधनपछि त्यहाँस्थित नेपाली समुदायले संकलन गरेको २८ लाख ३६ हजार रुपैयाँभन्दा बढी रकम मृतककी श्रीमती र छोराको संयुक्त मुद्दती निक्षेप खातामा जम्मा हुने गरी परिवारलाई पठाइएको छ ।

रूपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं. ११, मसिना स्थायी घर भएका खानको वैदेशिक रोजगारीका लागि केमन आइल्यान्ड पुगेको करिब एक महिनामै स्वास्थ्यमा आकस्मिक समस्या देखिएपछि उपचारका क्रममा गत जुलाई १५ मा निधन भएको थियो ।

उनको निधनपछि त्यहाँ कार्यरत नेपालीहरूको संस्था 'नेपाली कम्युनिटी अफ केमन आइल्यान्ड्स'को विशेष पहल तथा सक्रियतामा सहयोग अभियान सञ्चालन गरिएको अध्यक्ष हरि न्यौपानेले जानकारी दिए । अभियानमार्फत संकलन गरिएको १८ हजार ४५५ अमेरिकी डलर (२८ लाख ३६ हजार ५३३ रुपैयाँ) बराबरको रकम नेपाल एसबिआई बैंकमार्फत मृतककी धर्मपत्नी मजहरुन निशा खान र ११ वर्षीय छोरा कर्मुल्लाह खानको संयुक्त खातामा जम्मा गरिएको छ ।



बालबालिकाको भविष्य र शिक्षादीक्षालाई सुरक्षित गर्न उक्त रकम नेपाल एसबिआई बैंकमा सात वर्षका लागि मुद्दती निक्षेपमा राखिएको छ । कठिन परिस्थितिमा नेपाली समुदायले देखाएको अपार सहयोग, भाइचारा र मानवीय कार्यप्रति मृतकका आश्रित परिवारले संस्थाका पदाधिकारी, स्वयंसेवक, चन्दादाता तथा सम्पूर्ण नेपाली समुदायप्रति हार्दिक आभार व्यक्त गरेका छन् । बेलायतको अधीनस्थ मानिने केमन आइल्यान्डमा करिब दुई हजार नेपाली रहेका छन् । उनीहरू होटल, सुरक्षा गार्ड र क्लिनरलगायतका काममा कार्यरत छन् ।

**बाटो...**

साझा भोगाइ बनेको छ । पर्वतकी रोनिशा कार्कीले पनि दसैंमा टीका नलगाएको सात वर्ष भयो । पढाइका लागि क्यानडा पुगेकी उनी बुवाआमाबाट आशीर्वाद लिन पाएकी छैनन् । यसपालि पनि परिवारसँग दसैं मनाउन नपाउने भएपछि उनले क्यानडामै जमरा राखिन् ।

'यो वर्षको दसैंमा पनि बुवाआमाको साथमा दसैं मनाउन नपाइने भयो,' उनले जमरा राख्दै भनेकी छन्, 'जहाँ भए पनि दसैं त मनाउनैपर्छ । तर, आफ्नो घर, आँगन र बुवाआमाभन्दा पर खासै खुसी हुँदैन ।' विदेशमा रहेका छोराछोरी मात्र होइन, जिल्ला छाडेर सहर पुगेका सन्तान पनि दसैंमा घर फर्कन सकिरहेका छैनन् । बझाङका रमेश नेपालीले दसैंमा टीका लगाउन नपाएको चार वर्ष भयो । उनी भन्छन्, 'एक हप्तामात्रै दसैं बिदा हुन्छ । घर जान-आउन मात्रै पाँच दिन लाग्छ, कतिबेला दसैं मनाउनु ?'

**गाउँमा चाडको रौनक, घरमा प्रतीक्षा**

दसैं नजिकिँदै गर्दा गाउँका घरआँगन सजिन थालेका छन् । कतै घर लिपपोत गरेर चिटिक्क पारिँदै छ, कतै पिङ हाल्ने तयारी हुँदै छ । खेतबारीमा पाक्न लागेको धान, बारीमा ढकमक्क फुलेका फूल र घरघरमा पाक्ने सेलरोटीको बासनाले गाउँलाई दसैंमय बनाउँछ । बालबालिकाको हाँसो र छिमेकीको आउजाउले चाडको रौनक थप्छ । तर यही रमाइलोका बीच धेरै घरका आँगन छोराछोरीको प्रतीक्षामा छन् । कोही पढाइ र रोजगारीका लागि सहरमा छन्, कोही खाडी मुलुक, मलेसिया, युरोप वा अन्य देशमा पसिना बगाइरहेका छन् । उनीहरूकै सम्झनामा गाउँका बुवाआमाको दसैं बित्ने गरेको छ ।

कुनै समय दसैं लाग्नासाथ घरका सबै सदस्य जुट्थे । अहिले धेरै गाउँमा त्यो दृश्य बदलिएको छ । छोराछोरी सहर वा परदेश पुगेपछि गाउँमा वृद्ध आमाबुवा मात्रै बस्ने परिवार बढेका छन् । कतिपय घरमा ताला लागेको छ भने कतिपयमा बुवाआमा सन्तान फर्किने आशामा घर कुरेर बसेका छन् । अनामनगरका महेश श्रेष्ठलाई पनि दसैंको चहलपहलले आफ्ना सन्तानको याद दिलाउँछ । उनकी एक छोरी अमेरिका र अर्का छोरा बेलायतमा छन् । चाडपर्वमा छिमेकीका घरमा चहलपहल देख्दा उनलाई आफ्ना सन्तानको अभाव खट्किन्छ ।

'दसैंमा आउँछु' भन्ने छोराछोरीको एउटा फोनले आमाबुवाको मनमा आशा जगाउँछ । तर बिदा नमिल्ने, टिकट महँगो पर्ने, कामको दबाब हुने वा आर्थिक अवस्था कमजोर हुने कारणले सबै सन्तान घर फर्कन सक्दैनन् । श्रेष्ठ भन्छन्, 'घरमा टीका लगाउने छोराछोरी नभएपछि दसैंमा न्यास्रो लाग्छ ।'

कतिपय आमाबुवा भिडियो कलबाट टीका लगाएको दृश्य हेर्छन् । कतिपय मोबाइलको स्क्रिनमा परिवारको अनुहार हेरेर चित्त बुझाउँछन् । प्रविधिले टाढिएका परिवारलाई सम्पर्कमा राखे पनि सँगै बसेर चाड मनाउँदाको आत्मीयता त्यसले पूरा गर्न सक्दैन ।

**बाध्यताका अनेक कारण**

गाउँमा दसैंको तयारी भइरहँदा सहरमा रहेका छोराछोरीको दिनचर्या फरक हुन्छ । उनीहरूका लागि दसैं भनेको कार्यालयबाट बिदा मिलाउने, घर जाने टिकट खोज्ने, खर्चको हिसाब मिलाउने र परिवारका लागि उपहार किन्ने समय पनि हो । सहरमा पढिरहेका विद्यार्थीलाई परीक्षा र पढाइको चिन्ता हुन्छ । निजी क्षेत्रमा काम गर्नेहरूलाई बिदा नपाइने समस्या हुन्छ । दैनिक ज्यालादारी गरेर गुजारा चलाउनेका लागि केही दिन काम छाडेर गाउँ जानु पनि आर्थिक हिसाबले कठिन हुन सक्छ । तर गाउँ फर्कन पाउनेका लागि दसैंको यात्रा आफैंमा सम्झनायोग्य हुन्छ । बसपार्कमा देखिने भिड, हातमा झोला बोकेर घर फर्कने मानिस, लामो यात्रापछि गाउँको बाटो देख्दा पलाउने खुसी र घरको ढोकामा आमाबुवालाई देख्दाको क्षणले दसैंलाई विशेष बनाउँछ ।

सहरले रोजगारी, शिक्षा र अवसर दिएको छ । तर ती अवसरको खोजीमा गाउँबाट टाढिएका धेरै मानिसका लागि दसैं आफ्नो जरा सम्झने, पुराना सम्बन्ध नवीकरण गर्ने र परिवारसँग समय बिताउने अवसर पनि हो । परदेशमा रहेका सन्तानका लागि घर फर्कने चाहना हुँदाहुँदै पनि समय, खर्च र कामको बाध्यता तगारो बन्न सक्छ ।

**बुढेसकालको एक्लोपन**

गाउँबाट सहर र परदेशतर्फको बसाइँसराइ व्यक्तिगत निर्णयको विषय मात्र होइन । यो रोजगारी, शिक्षा, स्वास्थ्य सेवा, पूर्वाधार र अवसरसँग जोडिएको सामाजिक परिवर्तन पनि हो । गाउँमा पर्याप्त अवसर नहुँदा धेरै युवा बाहिरिन बाध्य छन् । उनीहरूले पठाउने आम्दानीले परिवारको जीवनस्तर सुधार्न मद्दत गरे पनि परिवारसँग बिताउने समय भने घटेको छ । यसको असर बुढेसकालका आमाबुवाको दैनिक जीवनमा देखिन्छ । छोराछोरीको कमाइले घरखर्च धान्न र आवश्यकता पूरा गर्न सघाए पनि चाडपर्वमा उनीहरूको साथ नहुँदाको अभाव पैसाले पूर्ति गर्न सक्दैन ।

गाउँमा दसैंको रौनक छ, सहरमा अवसरको दौड छ र परदेशमा भविष्य बनाउने संघर्ष। यी तीनवटै ठाउँमा जीवनका आ-आफ्नै बाध्यता छन् । तर गाउँका धेरै आमाबुवाका लागि दसैंको खुसी छोराछोरी घर फर्किएपछि मात्र पूर्ण हुन्छ । जमरा उम्रिन्छ, घरआँगन सजिन्छन् र टीकाको तयारी हुन्छ । तर विकास शर्माका बुवाआमा, रोनिशाका परिवार र महेश श्रेष्ठजस्ता अभिभावकका लागि दसैंसँगै एउटा प्रश्न सधैं दोहोरिन्छ- यसपालि त छोराछोरी घर आउलान् कि !

**दसैंमा...**

'मोबाइलले धेरै सहज बनाएको छ । कुराकानी गर्न पाइहालिन्छ,' उनी भन्छन्, 'टीकाको दिन पनि परिवारका सदस्यहरूसँग फोनमा कुराकानी हुन्छ । मोबाइलबाटै आशीर्वाद लिइन्छ ।'

रवीन्द्रका चारजना दाजुभाइ र तीनजना बहिनी छन् । परिवारसँगै रहने चाहना हुँदाहुँदै बाध्यताले विदेश जानुपरेको छ । लामो समय विदेशमा बसेर काम गर्दा आर्थिक रूपमा केही सहज पनि भएको छ । तर चाडपर्वको समयमा परिवारसँग नहुनुको पीडाले पोल्छ । रवीन्द्र भन्छन्, 'बैंक ब्यालेन्स त हुन्छ, तर दसैंमा परिवारसँगै बसेर टीका लगाउन पाउनुको खुसी अर्कै हुन्छ । यसको याद त आइहाल्छ ।'लामो समय परदेश बसेका यादवको अबको चाहना भने बुढेसकाल नेपालमै बिताउने हो । उनी भन्छन्, 'बुढेसकालमा नेपालमै बसेर दसैं मनाउने हो ।' कतारमै निर्माण क्षेत्रमा काम गरिरहेका रामप्रसाद बजगाईंको अनुभव पनि उस्तै छ, परदेशको कमाइले नेपालमा परिवार चलाउन केही सहजता दिन्छ, तर दसैंको पारिवारिक खुसी भने मोबाइलको स्क्रिनमै सीमित गरिदिन्छ ।

बजगाईं पाँच वर्षदेखि कतारमा छन् । निर्माण क्षेत्रमा काम गर्छन् । दसैंमा बिदा पाउँदैनन् । 'हामी धेरै नेपालीहरू यहाँ छौं,' बजगाईं भन्छन्, 'दसैंलगायत चाडपर्वमा परिवारसँग मोबाइलमा कुरा गर्छौं । कसै-कसैले मोबाइलबाटै आशीर्वाद लिन्छन् ।' उनका अनुसार दसैंको दिन पनि काम गर्नुपर्ने हुन सक्छ । तथापि, कम्पनीले नेपालीहरूको चाड दसैं हो भन्ने ख्याल गर्छन् । खुसी होऊन् भनेर टीकाको दिन कम्पनीले मिठाई दिने गर्छन् । 'कोठामै ल्याएर मिठाई राखिदिन्छन् । त्यसपछि साथीभाइ मिलेर मिठाई खान्छौं,' उनी सुनाउँछन् । दसैंमा परिवारसँग बसेर मासुका परिकार खान नपाए पनि कम्पनीले दिने सानो उपहारले नेपालीहरूमा केही खुसी थप्ने गर्छ । नेपालीका लागि दसैंको सांस्कृतिक र भावनात्मक महत्त्व गहिरो छ । तर अन्य देशका नागरिकका लागि नेपाली दसैंको त्यही भावनात्मक महत्त्व नहुन सक्छ । त्यसैले कतिपय कम्पनीले नेपाली कामदारलाई लक्षित गर्दै दसैंको टीकाको दिन लड्डु तथा मिठाई दिन्छन् ।

परदेशमा घरको टीका र परिवारको साथको विकल्प त बन्न सक्दैन, तर कम्पनीले दिने त्यही लड्डु नेपाली कामदारका लागि दसैंको एउटा सानो खुसी बन्छ ।

घरमा दसैं मनाउँदा पाक्ने मासुका परिकारको स्वाद सम्झिँदै परदेशमा लड्डु खाएर बाँडेर दसैं मनाउनु परे पनि नेपालीहरू खुसी नै हुन्छन् ।

तर सहज हुँदा भने नेपालीहरू खसी काटेर मासुका परिकार बनाएर पनि खान्छन्, दसैं मनाउँछन् । कतार जानुअघि बजगाईंले दुबईमा २७ महिना र साउदी अरबमा २५ महिना काम गरेका थिए । उनी सम्झन्छन्, 'दुबई र साउदी रहँदा भने साथीभाइ मिलेर खसी काटेरै दसैं मनायौं ।'यी प्रतिनिधि पात्र हुन् । परदेशमा रहेका अधिकांश नेपालीको दसैं नेपाल र नेपालमा रहेका परिवार सम्झिएरै बित्छ । सरकारी तथ्यांकअनुसार नै ४० लाख बढी नेपाली हाल भारतबाहेकका मुलुकमा बसोबास तथा काम गरिरहेका छन् । यसमध्ये खाडी क्षेत्रमा मात्रै २० लाख बढी नेपाली छन् ।

रोजगारी, अध्ययन तथा अन्य कारणले विश्वका विभिन्न मुलुकमा नेपाली पुगेका छन् । वैदेशिक रोजगारीको हिसाबले नेपाली कामदार १७३ देशमा छन् । तर श्रम स्वीकृतिका लागि सरकारले तोकेका र खुला गरेका गन्तव्यको सूचीमा भने १६८ वटा देश छ । यसमध्ये खाडी क्षेत्रमा मात्रै १७ लाख २० हजार नेपाली रहेको परराष्ट्र मन्त्रालयको विवरण छ । कतार, साउदी अरब, युएई, कुवेत, ओमान र बहराइन नेपालीका प्रमुख गन्तव्य हुन् ।

राष्ट्रिय जनगणना तथा श्रम आप्रवासनसम्बन्धी सरकारी प्रतिवेदनले पनि साउदी अरब, कतार, युएई, मलेसिया र कुवेतलाई नेपाली कामदारका प्रमुख पाँच गन्तव्यका रूपमा देखाएको छ । नेपालको वैदेशिक रोजगारीको मुख्य गन्तव्य खाडी मुलुकसँगै मलेसिया पनि हो । यी देशमा रहेका नेपाली कामदारहरू सबैको उस्तै-उस्तै पारिवारिक पृष्ठभूमि छ । परदेशमा पनि उस्तै तरिकाले चाडपर्व मनाउँछन् । मिल्दा खसी काटेरै खान्छन् । नमिल्दा लड्डुमै रमाउँछन् । परिवारसँग टेलिफोनमा कुराकानी गर्छन् । कसैले मोबाइलको स्क्रिनमै टीका लगाएर आशीर्वाद लिन्छन् त कसैले अर्को दसैंमा भेट्ने वाचा गर्छन् ।

**दसैंलाई...**

गरेका छन् भने रास्वपाले केन्द्रीय समितिबाटै निर्णय गरेर अभियान अघि बढाएको छ । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको १५औं महाधिवेशनपछि आएको नयाँ नेतृत्वले आगामी कार्यक्रम तय गर्नेछ । कांग्रेसले दसैंलाई चुनावी अभियानका रूपमा उपयोग गर्ने औपचारिक निर्णय भने गरेको छैन । तर, गाउँ पुगेका नेता-कार्यकर्ताले वडा, पालिका र जिल्लास्तरमा शुभकामना आदानप्रदानमार्फत राजनीतिक गतिविधि बढाउने तयारी गरेका छन् ।

कांग्रेस सहमहामन्त्री रामहरि खतिवडाले महाधिवेशनको पूर्ण परिणाम आएपछि पदाधिकारी र पूर्वपदाधिकारीबीच छलफल गरेर दसैंलगायत आगामी कार्यक्रम तय गरिने बताए । कांग्रेसले यस वर्ष पनि कोजाग्रत पूर्णिमामा चियापान कार्यक्रम गर्ने जनाएको छ । नेकपा एमालेले पनि नेता-कार्यकर्तालाई गाउँ पुगेर नागरिकसँग संवाद गर्न अनौपचारिक निर्देशन दिएको छ । पार्टी सचिव महेश बस्नेतले दसैंका बेला सरकारका गतिविधि, महँगी, भ्रष्टाचार र अनियमितताबारे नागरिकलाई जानकारी गराइने बताए । उनका अनुसार दसैं-तिहारपछि पार्टीले बृहत् कार्यक्रम तय गर्नेछ । नेकपाले पनि दसैंलाई नागरिकसँग संवाद गर्ने अवसरका रूपमा लिएको छ । नेता हितराज पाण्डेका अनुसार स्थानीय तहको निर्वाचनमा उम्मेदवार छनोट र नागरिकका समस्या पहिचान गर्न नेताहरूले आफ्नो कार्यक्षेत्रमा संवाद गर्नेछन् । तर, पार्टीले दसैंलाई औपचारिक चुनावी अभियान बनाउने निर्णय भने गरेको छैन ।

यी दलभन्दा फरक रास्वपाले केन्द्रीय समितिबाटै निर्णय गरेर दसैं-तिहारलाई चुनाव केन्द्रित अभियानमा उपयोग गर्ने योजना बनाएको छ । पार्टीले गाउँ फर्किएका नागरिकसँग भेटघाट, स्थानीय समस्या र सेवा प्रवाहबारे छलफल तथा चुनावी तयारीका लागि सुझाव संकलन गर्न निर्देशन दिएको छ । रास्वपा प्रवक्ता जगदीश खरेलका अनुसार, पार्टीले केन्द्रीय प्रतिनिधि खटाएर आगामी निर्वाचन लक्षित कार्यक्रम अघि बढाएको छ । 'चाडपर्वको समयमा देश-विदेशबाट आफ्नो गाउँ आएका नागरिकसँग भेटेर आवश्यक सल्लाह-सुझाव लिने र सोहीअनुसार स्थानीय तहको निर्वाचनको तयारी गर्ने योजना छ,' उनले भने । रास्वपाले पालिका प्रमुख-उपप्रमुख, वडाध्यक्ष र वडा सदस्यका उम्मेदवार बन्न इच्छुकलाई आवेदन दिन आह्वानसमेत गरेको छ । उम्मेदवार छनोटका लागि प्रारम्भिक निर्वाचन (प्राइमरी), लिडरसिप एकेडेमीको अनिवार्य परीक्षा, राजनीतिक-सामाजिक धरातलको मूल्यांकन र समावेशितालाई मुख्य आधार बनाइएको खरेलले बताए ।

निर्वाचन आयोगले फागुनमा चुनाव गराउन सकिने संकेत गरे पनि सरकारले निर्वाचनको मिति औपचारिक रूपमा घोषणा गर्न बाँकी छ । यस्तो अवस्थामा दसैंमा गाउँ फर्किने नागरिकसँगको संवादलाई दलहरूले आगामी स्थानीय तहको निर्वाचनको तयारीसँग जोड्न थालेका हुन् ।

**मलेसियामा...**

पक्राउ परेका हुन् । विभागका निर्देशक दातुक मोहम्मद रुसी मोहम्मद दारुसका अनुसार गत सोमबार बिहान १० बजेदेखि दिउँसो १२:३० बजेसम्म छापा मारिएको हो । अभियानमा जोहोर अध्यागमन विभाग र मलेसियन बोर्डर कन्ट्रोल एन्ड प्रोटेक्सन एजेन्सी (एकेपिएस) सहभागी थिए । उनका अनुसार कारखानामा विदेशी नागरिकले गैरकानुनी रूपमा काम गरिरहेको भन्ने सूचनाका आधारमा केही सातादेखि गुप्त अनुसन्धान गरेपछि छापा मारिएको थियो ।

निर्देशक दारुसले पक्राउ परेका कामदारहरू १९ देखि ४६ वर्ष उमेर समूहका रहेको जानकारी दिएका छन् ।

पक्राउ पर्नेहरूमा म्यानमारका ७७ पुरुष र ६६ महिला, बंगलादेशका १७० पुरुष र दुई महिला, नेपालका ४८ पुरुष र सात महिला, भारतका २८ पुरुष र तीन महिला, पाकिस्तानका तीन पुरुष, इन्डोनेसियाका ३८ पुरुष र ४९ महिला तथा कम्बोडियाकी एक महिला रहेका छन् । यसै क्रममा कारखानाका एक पुरुष व्यवस्थापकलाई समेत पक्राउ गरिएको अध्यागमन विभागले जनाएको छ । छापा मार्ने क्रममा केही कामदारले भाग्ने तथा कारखानाभित्रै लुक्ने प्रयास गरेका थिए । तर सुरक्षाकर्मीले उनीहरूलाई नियन्त्रणमा लिन सफल भएको अध्यागमन विभागका निर्देशकले बताएका छन् ।

पक्राउ परेका कामदारमाथि मलेसियाको अध्यागमन नियमावली १९६३ को नियम ३९(ख), अध्यागमन ऐन १९५९/६३ को दफा ६(१)(ग) तथा दफा १५(१)(ग) अन्तर्गत अनुसन्धान र कारबाही अघि बढाइएको जनाइएको छ । पक्राउ परेका सबैलाई थप अनुसन्धान तथा कानुनी प्रक्रियाका लागि जोहोर बारुको सेतिया त्रोपिका अध्यागमन हिरासत केन्द्रमा राखिएको अध्यागमन विभागले जनाएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७५/०५/२० मा दर्ता भएको श्री **ज्योती विन्दु यातायात सेवा प्रा. लि. (प्रा.लि. नं. १९७९८४)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना**
**गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

**(प्रकाशित मितिः २०८३/०६/३०)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीहरुले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८३/०५/१७ को अन्नपूर्ण पोष्ट दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल/अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **१५ (पन्ध्र) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०८/०३ मा दर्ता नं. २४७५९२/०७७/०७८ अन्तर्गत दर्ता भएको **ओरन्टो मल्टिट्रेड प्रा.लि.** ।
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं म. न. पा. वडा नं. १०, बुद्धनगर, काठमाडौं ।

**ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. दिल बहादुर विष्टको नाति महेन्द्र प्रसाद विष्टको छोरा झापा जिल्ला तोपगाछी गाँउ पञ्चयत वडा नं. २ स्थायी घर भई हाल झापा जिल्ला कमल गा.पा. वडा नं. १ बस्ने, ना.प्र.नं.९७७३४००६९ (जारी मितिः २०५०/०२/३२, स्थान झापा) भएका **अशोक कुमार विष्ट** ।
२. पदम बहादुर पन्तको नाति भिम बहादुर पन्तको छोरा सुनसरी जिल्ला मधेशा गा.वि.स वडा नं. २ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म. न. पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं.०६२४३१४/२६३१४ (जारी मितिः २०५१/०८/२८, स्थान सुनसरी) भएका **राकेश पन्त** ।
३. लक्ष्मी नारायण पौड्यालको नाति राम चन्द्र पौड्यालको छोरा पाँचथर जिल्ला हिलिहाङ्ग गा.पा वडा नं. ६ स्थायी घर भई हाल झापा जिल्ला शिवसतासी गा.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. ६९०-६७१-१२९५ (जारी मितिः २०४९/११/१४, स्थान झापा) भएका **डिल्लीराम पौड्याल** ।
४. दुर्बासा खतिवडाको नाति चुडाराज खतिवडाको छोरा सुनसरी जिल्ला रामधुनी न.पा वडा नं. ८ स्थायी घर भई हाल भक्तपुर जिल्ला सुर्यविनायक न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ३८६५/४८६५ (जारी मितिः २०५३/५/३, स्थान सुनसरी) भएका **राजन प्रसाद खतिवडा** ।
५. भरत बहादुर शाहकी छोरी राजु जम्कटेलको श्रीमति प्यूठान जिल्ला ऐरावत गा.पा. वडा नं ६ बस्ने, ना.प्र.नं. ३१३८९ (जारी मितिः २०५७/११/२२, स्थान प्यूठान) भएकी **सुश्री इन्द्रा शाह** ।
६. बलराम खरेलको नाति लोक नाथ खरेलको छोरा मोरङ जिल्ला सुन्दरहरैंचा न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ६३९८६ (जारी मितिः २०५८/१०/११, स्थान मोरङ) भएका **सूर्य प्रसाद खरेल** ।
७. इन्द्र बहादुर खड्काकी छोरी मधुसुधन सिम्खडाको श्रीमति स्याङ्जा जिल्ला भिरकोट न.पा. वडा नं ३ बस्ने, ना.प्र.नं. ६८७०७ (जारी मितिः २०५९/७/२१, स्थान स्याङ्जा) भएकी **सुष्मिता खड्का** ।
८. दलु वलीको नाति ओस बहादुर वलीको छोरा रोल्पा जिल्ला गंगादेव गा.पा वडा नं. ३ स्थायी घर भई हाल दाङ जिल्ला तुलसीपुर न.पा. वडा नं. ५ बस्ने, ना.प्र.नं. ७२८२ (जारी मितिः २०५२/१/१२, स्थान दाङ) भएका **देवराज वली** ।

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
**ओरन्टो मल्टिट्रेड प्रा.लि.**को नाममा दर्ता कायम रहेको मोरङ जिल्ला टंकिसिनुवारी गा. वि. स. वडा नं. ०७ सिट नं. ७ क कित्ता नं क्रमशः ९७२,९७३,९५३,९५५ र ७०४ को क्षेत्रफल क्रमशः ०-२-०-०, ०-३-०-०, ०-७-११-०, ०-२-१६-१ र ०-५-०-०, विघाका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/७/१३ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/७/१६ गते ३:०० बजे बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

# सामुदायिक विद्यालयको भौतिक पूर्वाधारमा ५ अर्ब ३४ करोड निकासा

**काठमाडौं/मस-** शिक्षा तथा खेलकुद मन्त्रालयले दुई हजारभन्दा बढी विद्यार्थी अध्ययनरत सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासका लागि पहिलो चरणमा ८९ वटा विद्यालय छनोट गरेको छ।




मन्त्रालयले देशभरका १०९ वटा सामुदायिक विद्यालयको भौतिक संरचना सुदृढीकरणका लागि कुल ६ अर्ब ५४ करोड रुपैयाँ बजेट विनियोजन गरेकोमा पहिलो चरणमा ८९ विद्यालयका लागि ५ अर्ब ३४ करोड रुपैयाँ निकासा गरेको जनाएको छ।

योजनाअन्तर्गत प्रतिविद्यालय करिब ६ करोड रुपैयाँ लागतमा तीनतले १२ कोठे भवन निर्माण गरिनेछ। भवनमा आधुनिक कक्षाकोठा, प्रयोगशाला र पुस्तकालयको व्यवस्था गरिने शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले बताएका छन्।

मन्त्री पोखरेलका अनुसार विद्यालयको भौतिक पूर्वाधार सुधार गरी विद्यार्थीलाई सुरक्षित, व्यवस्थित र प्रभावकारी सिकाइ वातावरण उपलब्ध गराउने उद्देश्यले कार्यक्रम अघि बढाइएको हो।

पहिलो चरणमा छनोट भएका विद्यालयमध्ये सबैभन्दा बढी मधेश प्रदेशका ३३ वटा छन्। त्यस्तै, लुम्बिनी प्रदेशका २१, कोशी प्रदेशका १८, गण्डकी र सुदूरपश्चिम प्रदेशका ६-६, कर्णाली प्रदेशका तीन तथा बागमती प्रदेशका दुई विद्यालय छनोट भएका छन्।

मधेश प्रदेशमा साक्षरता दर, शैक्षिक सूचकांक र सामुदायिक विद्यालयको गुणस्तर सुधारको आवश्यकतालाई ध्यान दिँदै बढी विद्यालय छनोट गरिएको मन्त्रालयले जनाएको छ।

लुम्बिनी प्रदेशमा छनोट भएका २१ विद्यालयमध्ये रुपन्देहीका आठ र दाङका छ विद्यालय छन्। कोशी प्रदेशका १८ विद्यालयमध्ये झापा र मोरङका छ-छ विद्यालय समावेश छन्। गण्डकी प्रदेशका छ विद्यालयमध्ये कास्कीका तीन, नवलपरासी पूर्वका दुई र तनहुँको एक विद्यालय छन्। सुदूरपश्चिम प्रदेशका छ विद्यालयमध्ये कैलालीका तीन तथा कञ्चनपुर, दार्चुला र बाजुराका एक-एक विद्यालय छनोट भएका छन्। कर्णाली प्रदेशबाट सुर्खेतका दुई र जुम्लाको एक विद्यालय छनोट भएका छन् भने बागमती प्रदेशबाट काठमाडौं र चितवनका एक-एक विद्यालय परेका छन्।

**छनोट भएका विद्यालयहरू**

कोशी प्रदेशबाट उदयपुरको त्रियुगा नमूना र त्रिवेणी माध्यमिक विद्यालय, झापाका धुलाबारी, हिमालय, देवी, महेन्द्र रत्न, कन्काई र मोहनमाया माध्यमिक विद्यालय, ताप्लेजुङको भानु माध्यमिक विद्यालय, पाँचथरको फिदिम माध्यमिक विद्यालय तथा मोरङका साजीलाल, राधिका, पञ्चायत, सुकुना, पोखरिया र आदर्श माध्यमिक विद्यालय छनोट भएका छन्। सुनसरीका जगन्नाथ डेडराज जनता माध्यमिक विद्यालय र पब्लिक हाई स्कुल पनि सूचीमा छन्।

मधेश प्रदेशबाट धनुषाका शंकट मोचन देवशरण, जनता मोडेल, विद्यानाथ देवनारायण जनता मोडेल, गोगल प्रसाद नमुना र याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय छनोट भएका छन्। पर्साका नरसिंह, त्रिजुद्ध महावीर रघुवीर दास, जिल्ला उचाङ्गाल रामदेव-कलवार र माइस्थान विद्यापिठ माध्यमिक विद्यालय पनि सूचीमा छन्। त्यस्तै, बाराका नेपाल राष्ट्रिय मोडल, दुर्गा, गौरीशंकर, गढीमाई महेन्द्र प्राविधिक र श्री ३ चन्द्र माध्यमिक विद्यालय छनोट भएका छन्। महोत्तरीका भेरुखी, राष्ट्रिय र महेन्द्र रा माध्यमिक विद्यालय तथा रौतहटका सरस्वती, कटहरिया, जनता माध्यमिक विद्यालय सोनरनिया, जुद्द, नेमधारी बासुदेव नमुना, रामचन्द्र, नमुना माध्यमिक विद्यालय वरगजवा, जनज्योति, जय किसन, माध्यमिक विद्यालय पथरा बुधराम र सरस्वती माध्यमिक विद्यालय सूचीमा परेका छन्। सर्लाहीका नारायण, जनज्योती र बेनीभोला मोडेल माध्यमिक विद्यालय तथा सिरहाका मोहन र चन्द्र माध्यमिक विद्यालय पनि छनोट भएका छन्।

बागमती प्रदेशबाट काठमाडौंको गान्धी माध्यमिक विद्यालय र चितवनको नारायणी नमूना माध्यमिक विद्यालय छनोट भएका छन्। गण्डकी प्रदेशबाट कास्कीका अमरसिंह, कालिका र छोरेपाटन माध्यमिक विद्यालय, नवलपरासी पूर्वका जनक र भीमसेन आदर्श माध्यमिक विद्यालय तथा तनहुँको सत्यवती माध्यमिक विद्यालय छनोट भएका छन्। लुम्बिनी प्रदेशबाट कपिलवस्तुका नेपाल आदर्श र जनता माध्यमिक विद्यालय, दाङका पद्मोदय पब्लिक, माध्यमिक विद्यालय रजेना, माध्यमिक विद्यालय तुलसीपुर सेन्टर, सिद्ध रत्न, गुरु जजुर र बाल विकास माध्यमिक विद्यालय छनोट भएका छन्। पाल्पाको रामतुलसी माध्यमिक विद्यालय, बाँकेका त्रिभुवन, धम्बोझी र मङ्गलप्रसाद माध्यमिक विद्यालय तथा रुपन्देहीका कालिका मानव ज्ञान, नवीन औद्योगिक रिता, शान्ति नमुना, कान्ति भैरम, पब्लिक, रामापुर, सैनामैना र रुपन्देही लीलाराम न्यौपाने माध्यमिक विद्यालय सूचीमा छन्। रोल्पाको बालकल्याण माध्यमिक विद्यालय पनि छनोट भएको छ।

कर्णाली प्रदेशबाट जुम्लाको चन्दननाथ माध्यमिक विद्यालय तथा सुर्खेतका अमरज्योति र जन माध्यमिक विद्यालय छनोट भएका छन्। सुदूरपश्चिम प्रदेशबाट कञ्चनपुरको महेन्द्रनगर माध्यमिक विद्यालय, कैलालीका त्रिनगर, दुर्गालक्ष्मी मोडेल र कर्णाली माध्यमिक विद्यालय, दार्चुलाको महेन्द्र मोडल माध्यमिक विद्यालय तथा बाजुराको मालिका माध्यमिक विद्यालय छनोट भएका छन्।

मन्त्रालयले विद्यालयको भौतिक पूर्वाधार विस्तारमार्फत विद्यार्थीको सिकाइ वातावरण सुधार गर्ने र सामुदायिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने लक्ष्य राखेको छ।

**मलेसियामा र युएईमा रोजगार**

कम्पनी: **BLACK FORCE SECURITY SERVICES SDN.BHD** शहर: **MALAYSIA**
पूर्व स्वीकृत मितिः २०८३/०६/२९ चलानी नं.: ६०२६२४९४ LT. No.: 349523

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 100 | 0 | स. काममा दक्ष | 1700 | ६३२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: **SHAMAL AL MASA CLEANING SERVICES** शहर: **UAE**
पूर्व स्वीकृत मितिः २०८३/०३/२५ चलानी नं.: ६०२५७९४६ LT. No.: 344717 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | स. काममा दक्ष | 1000 | ४१३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ६ गते (23 October 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SKY OF THE WORLD MANPOWER PVT. LTD.** श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9851068774, 9851035867, +977 9803374230, 9823234879
E-mail : Skymanpower1039@gmail.com, Info@skymanpower.com.np, Web.www.skymanpower.com
Chitwan Branch Contact No: 9806595102

# ‘इम्युनोसप्रेसेन्ट औषधिको बिक्री-वितरणमा रोक छैन’

**काठमाडौं/मस-** औषधि व्यवस्था विभागले इम्युनोसप्रेसेन्ट वर्गका औषधिको बजारमा बिक्री-वितरण तथा प्रयोगमा कुनै रोक नलगाइएको स्पष्ट पारेको छ।




विभागले नयाँ उत्पादन तथा आयातमा लगाइएको रोकलाई बजारमा उपलब्ध औषधिको बिक्री-वितरण बन्द गरिएको भन्दै विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा फैलिएको भ्रममा नपर्न सर्वसाधारण तथा बिरामीलाई आग्रह गरेको छ।

विभागले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत तोकिएको समयभित्र जोखिम मूल्याङ्कनसम्बन्धी कागजात पेस नगरेका वा निर्धारित मापदण्ड पूरा नगरेका ४७ ब्रान्डका औषधिको नयाँ उत्पादन तथा आयातमा रोक लगाइएको जनाएको हो। ती औषधिका दर्ता प्रमाणपत्रसमेत खारेज हुने भए पनि यसअघि नै बजारमा भित्रिसकेका वा बिक्री-वितरणमा रहेका औषधिको बिक्री तथा प्रयोगमा भने कुनै प्रतिबन्ध नरहेको विभागले स्पष्ट पारेको छ।

अंग प्रत्यारोपण गरेका तथा दीर्घकालीन रोग भएका बिरामीले नियमित सेवन गर्नुपर्ने औषधिको आपूर्तिमा अभाव हुन नदिन विभाग प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख छ। जोखिम मूल्याङ्कनसम्बन्धी कागजात सन्तोषजनक रहेका उद्योग तथा आयातकर्तालाई बजारमा आपूर्तिको सन्तुलन कायम गर्न बढीमा तीन महिनासम्म उत्पादन तथा आयात गर्न अनुमति दिई प्रमाणपत्र नवीकरण गरिएको विभागले जनाएको छ।

विभागका अनुसार औषधिको गुणस्तर र सुरक्षालाई सुनिश्चित गर्दै एक औषधिको प्रभाव अर्को औषधिमा पर्न सक्ने जोखिम अर्थात् क्रस-कन्टामिनेसन न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय मापदण्डअनुसार आवश्यक व्यवस्था लागू गरिएको हो। यसका लागि विश्व स्वास्थ्य संगठनको प्राविधिक मापदण्डअनुरूप जोखिम व्यवस्थापन, सफाइ प्रमाणीकरण, छुट्टै हावा आवतजावत प्रणाली तथा स्वास्थ्यमा आधारित जोखिम सीमा पालना गर्नुपर्ने व्यवस्था गरिएको विभागले जनाएको छ। साथै, जोखिमका आधारमा सम्बन्धित औषधि छुट्टै उत्पादन सुविधामा उत्पादन गर्ने व्यवस्था लागू गरिएको छ।

विभागले नेपाल औषधि उत्पादक संघ, नेपाल औषधि आयातकर्ता संघ तथा नेपाल औषधि व्यवसायी संघसँग समन्वय गरी औषधिको सहज उपलब्धता सुनिश्चित गरिरहेको जनाएको छ। यससम्बन्धी मापदण्ड र आवश्यक व्यवस्थाबारे विभागले यसअघि नै २०८३ वैशाख १५ र जेठ २१ गते सार्वजनिक सूचना जारी गरेको थियो। सोही व्यवस्थालाई अहिले कार्यान्वयनमा ल्याइएको विभागको भनाइ छ।

## Invitation ForBid

**Government of Nepal (GoN)**

## Tatopani Rural Municipality
## Office of Executive Rural Municipal

**Litakot, Jumla**

**Notice No. (001-2083/084)**
**Invitation for Bids No: TRM/Works/NCB/2083/084-001**
**Date of Publication:2026-Oct-16 (2083/06/30)**

1. **Tatopani Rural Municipality, Litakot, Jumla**invites sealed bids from Nepalese eligible bidders for the ***Construction of Hanku Bailey Bridge*** under National Competitive Bidding procedures. The estimated amount for the works is ***NRs.52,02,483 (without VAT & Contingency but including PS).***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Tatopani Rural Municipality, Litakot, Jumla, Email: -*** ito.tatopanimun@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from the office of ***Tatopani Rural Municipality, Litakot, Jumla***by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***NRs. 3,000***till ***one day before bid opening deadline*** during office hours in the account as specified below.
   **Name of the Bank:**Global IME Bank Ltd. **Name of Office:**Tatopani Rural Municipality
   **Office Code no.:**8010662046
   **Account no.:**26304010000010
   **Rajaswa (revenue) Shirshak no.:**14229
4. Pre-bid meeting shall be held at ***Tatopani Rural Municipality, Litakot, Jumla*** at ***1:00 PM 2026-Oct-30 (2083/07/13).***
5. Sealed bids must be submitted to the office ***Tatopani Rural Municipality, Litakot, Jumla***by hand/courier before **12:00 PM** on ***2026-Nov-06 (2083/07/20).***Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 PM2026-Nov-06 (2083/07/20)*** at the office of ***Tatopani Rural Municipality, Litakot, Jumla.***Bids must be valid for a period of ***90 (Ninety) days***from the bid submission deadline and must be accompanied by a bid securityamounting to a minimum of ***NRs. 1,50,000***which shall be valid for **30 days**beyond the validity period of the bid ***(i.e. 2027-March-06) (2083/11/22).*****Information to deposit cash bid security (Global IME Bank Ltd., Account No: 26304010000004, DharautiKhataTatopani Jumla).**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**रागेचौर, सल्यान**

**कर्णाली प्रदेश, नेपाल**

## आ.व. २०८३/०८४ को लागि आन्तरिक आय तर्फको ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन्, बिक्री तथा निकासीको शुल्क संकलनको लागि बोलपत्र आह्वानको सूचना ।

**(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०६/३०)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११को खण्ड (घ) को उपदफा (६) मा व्यवस्था भए बमोजिम यस नगरपालिकाको क्षेत्रबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन्, बिक्री तथा निकासी शुल्क संकलन कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने हुँदा नदीजन्य पदार्थ उत्खनन गरी कर्णाली प्रदेशको आर्थिक ऐन, २०८३ मा उल्लेखित प्रति इकाइ दररेटमा बिक्री गर्ने गरी बडाबढको माध्यमबाट बोलपत्र आह्वान गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आर्थिक वर्ष २०८१/०८२ को करचुक्ता प्रमाण पत्र र कारवाही वा कालो सूचीमा नपरेको स्व-घोषणा पत्र सहित न्यूनतम अंकमा नघट्ने गरी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| आय ठेक्का नं | ठेक्का शीर्षक | नदी खोला तथा घाटगद्दीको विवरण | संकलन र बिक्री गर्न पाउने अधिकतम परिमाण क्यु फिट | न्यूनतम कबोल अंक (भ्याट बाहेक) | बोलपत्र खरिद दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र पेश गर्ने अन्तिम मिति | जमानत रकम/मान्य हुने अवधी |
|---|---|---|---|---|---|---|---|---|
| KRM/NCB/IR-01-2083/084 | ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन्, बिक्री तथा निकासीको शुल्क संकलन | भेरी नदी र मर्म खोला तथा यी अन्तरगतका सहायक खोलाहरू | १२५९४२८.२६ | ६२,९७,१४१.३१।- | ३०००।– कुमाख गाउँपालिका आन्तरिक राजस्व खाता १२००७७९७६३०११७ वा राजस्व शाखा वा LLRP मा बुझाउन सकिने | २०८३/०७/१२ गते बेलुका ५ बजे सम्म | २०८३/०७/१३ गते दिनको १२ बजे बोलपत्र खोल्ने समय सोही दिन दिनको १ बजे | आफूले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने रकम र बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन मान्य हुने अवधी |

बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ।

- बोलपत्र फारम पाइने र दर्ता गर्ने तथा बुझाउने स्थानः कुमाख गाउँपालिकाको कार्यालय, सल्यान।
- यस सँग सम्बन्धित विस्तृत सूचनाको लागि कुमाख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
- यस सूचनामा लेखिएका शर्तहरु यसै अनुसार तथा यस सूचनामा नलेखिएका शर्तहरु प्रचलित खरिद कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
३० असोज २०८३ शुक्रबार
16 October 2026 Friday

## सम्पादकीय

# सुनुवाइ समितिको सार्थकता

संसदीय सुनुवाइ समितिले सरकारले राजदूत पदमा सिफारिस गरेका दुईजनाको नाम अस्वीकृत गरेर संसद्को शक्ति देखाएको छ । साउदी अरेबियाका लागि प्रस्तावित गिरीबहादुर सुनार र मलेसियाका लागि प्रस्तावित चूडामणि खरेलको नाम समितिले सर्वसम्मतिले अस्वीकृत गरेको छ । यसले राजदूत नियुक्तिमा राजनीतिक पहुँच र सरकारी सिफारिसले पुग्दैन, उम्मेदवारको नैतिक चरित्र र योग्यताको परीक्षण पनि उत्तिकै आवश्यक हुन्छ भन्ने सन्देश दिएको छ । राजदूत विदेशमा नेपालको प्रतिनिधित्व गर्ने उच्च कूटनीतिक पद हो । उनीहरूले अन्तर्राष्ट्रिय मञ्चमा देशको प्रतिष्ठा जोगाउने, नागरिकको हित संरक्षण गर्ने र द्विपक्षीय सम्बन्ध सुदृढ बनाउने जिम्मेवारी वहन गर्छन् । त्यसैले यस्तो महत्त्वपूर्ण पदमा नियुक्त हुने व्यक्तिको आचरण र पृष्ठभूमिमाथि प्रश्न उठ्नु हुँदैन । नियुक्तिका लागि सिफारिस गर्नुअघि सरकारले उम्मेदवारको योग्यता, अनुभव, नैतिकता र सम्भावित स्वार्थको द्वन्द्वबारे गम्भीर छानबिन गर्नुपर्छ । त्यसमा जान्नेलाई छान्ने नारा लिएको उदाएको रास्वपा सरकार चुकेको छ ।

सुनारविरूद्ध महिला हिंसा, धम्की र आर्थिक अनियमिततासम्बन्धी आरोप थिए । खरेलमाथि आर्थिक अपचलन, म्यानपावर व्यवसायीसँगको लेनदेन र स्वार्थको द्वन्द्वसम्बन्धी प्रश्न उठेका थिए । यी आरोपमाथि सम्बन्धित निकायबाट आवश्यक छानबिन हुनु र निष्कर्षमा पुग्नुपर्छ । आरोप लाग्दैमा कसैलाई दोषी ठहर गर्न त मिल्दैन, तर सार्वजनिक पदमा नियुक्तिका लागि सिफारिस भएका व्यक्तिले उठेका गम्भीर प्रश्नबाट अनिवार्य रूपमा सफाइ पाएको हुनुपर्छ । समितिको निर्णयले यही जिम्मेवारीबोध उजागर गरेको छ ।

यस घटनाले संसदीय सुनुवाइ समितिको भूमिकालाई पनि बलियो बनाएको छ । सरकारको सिफारिस अनुमोदन गर्ने औपचारिक निकायमा सीमित नभई समितिले उम्मेदवारको पृष्ठभूमि, उजुरी र प्रमाणको परीक्षण गर्नुपर्छ । सुनुवाइको प्रभावकारिता निष्पक्षता, तथ्य र कानुनी प्रक्रियामा आधारित हुनुपर्छ । राजदूत नियुक्तिमा राजनीतिक भागबन्डा र निकटताभन्दा योग्यता, अनुभव र इमानदारीलाई प्राथमिकता दिनुपर्ने आवश्यकता यस घटनाले फेरि देखाएको छ । सरकारले सिफारिस गर्नुअघि नै पर्याप्त परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्छ । संसदीय सुनुवाइ समितिले पनि यही मापदण्ड निरन्तर र समान रूपमा लागू गर्नुपर्छ ।

# आफन्तविहीन दसैं

वैदेशिक रोजगारीले नेपाली परिवारको आर्थिक अवस्था सुधारे पनि दसैंको पारिवारिक मिलन कमजोर बन्दै गएको छ । विप्रेषणले घरको चुलो बाले पनि सन्तानको अनुपस्थिति र वृद्ध आमाबुबाको एक्लोपन हटाउन सक्दैन । युवालाई स्वदेशमै सम्मानजनक रोजगारी दिनु अब राष्ट्रिय प्राथमिकता बन्नुपर्छ ।

अग्रलेख



● रामप्रसाद पौडेल

दसैं नेपाली समाजको सबैभन्दा ठुलो सांस्कृतिक पर्व हो । धार्मिक आस्था, पारिवारिक मिलन, सामाजिक सद्भाव र पुस्तान्तरणसँग जोडिएको यो पर्व नेपाली जीवनपद्धतिकै महत्त्वपूर्ण हिस्सा हो । तर रोजगारी, अध्ययन र अवसरको खोजीमा ठूलो संख्यामा नेपाली विदेशिएपछि दसैंको स्वरूप बदलिँदै गएको छ । परिवारसँग प्रत्यक्ष भेटघाट र पुनर्मिलनको पर्व अहिले धेरैका लागि दूरीबीच सम्झना साट्ने अवसर बनेको छ ।

देशभित्र पर्याप्त रोजगारी नहुनु, श्रमको उचित मूल्य नपाइनु र परिवारको आर्थिक दायित्व पूरा गर्नुपर्ने बाध्यताले युवालाई विदेश जान प्रेरित गरेको छ । उच्च शिक्षा, व्यावसायिक अवसर र स्थायी बसोबासका कारण पनि नेपालीको विदेश पलायन बढेको छ। यसको सकारात्मक पक्ष पनि छ । विदेशमा काम गर्ने नेपालीले पठाउने विप्रेषणले लाखौं परिवारको दैनिक जीवन, बालबालिकाको शिक्षा, स्वास्थ्योपचार र घर निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । राष्ट्रिय अर्थतन्त्रमा समेत विप्रेषणको ठूलो भूमिका छ । तर आर्थिक लाभसँगै वैदेशिक रोजगारीले सिर्जना गरेको सामाजिक र भावनात्मक मूल्यलाई पनि बिर्सन मिल्दैन । दसैंमा परिवारका सदस्यहरू एक ठाउँमा भेला हुनु हाम्रो परम्पराको महत्त्वपूर्ण विशेषता हो । टाढा रहेका आफन्त घर फर्कन्छन्, ठूलाबडाबाट टीका र जमरा ग्रहण गर्छन् र आशीर्वाद लिन्छन् । तर रोजगारीको प्रकृति, बिदाको अभाव, लामो दूरी र महँगो यात्रा खर्चका कारण विदेशमा रहेका धेरै नेपाली चाहेर पनि घर फर्कन सक्दैनन् ।



यसको विरोधाभास स्पष्ट छ- विदेशबाट पैसा आउँछ, तर मानिस आउँदैन । परिवारको आर्थिक अवस्था सुध्रिन्छ, तर पारिवारिक आत्मीयतामा दूरी बढ्न सक्छ । घरमा भौतिक सुविधा थपिन्छन्, तर भावनात्मक रिक्तता रहिरहन्छ । यही आजको नेपाली समाजको एउटा महत्त्वपूर्ण यथार्थ हो ।

विशेषगरी वृद्ध आमाबुबाका लागि सन्तानको विदेश बसाइँ गहिरो अनुभूतिको विषय हो । उमेर ढल्किँदै जाँदा सन्तानको साथ र सहयोगको आवश्यकता बढ्छ । तर त्यही समयमा सन्तान रोजगारीका लागि विदेशमा हुन्छन् । दसैंजस्तो पारिवारिक पर्वमा उनीहरूको अनुपस्थिति अझ खट्किन्छ । पैसा पठाएर आर्थिक दायित्व पूरा गर्न सकिएला, तर आमाबुबाका लागि सन्तानको प्रत्यक्ष उपस्थिति पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

बालबालिकामा पनि यसको प्रभाव पर्न सक्छ । आमाबुबामध्ये एक वा दुवै विदेशमा हुँदा उनीहरू हजुरबा-हजुरआमा वा अन्य आफन्तको संरक्षणमा हुर्कनुपर्ने अवस्था धेरै परिवारमा छ । प्रविधिले भिडियो कलमार्फत सम्पर्क सहज बनाए पनि प्रत्यक्ष भेटघाटको पूर्ण विकल्प बन्न सक्दैन । सँगै बसेर कुराकानी गर्नु, दुःखसुख बाँड्नु र पारिवारिक संस्कार सिक्नुको आफ्नै महत्व हुन्छ । त्यसैले वैदेशिक रोजगारीलाई विप्रेषणको दृष्टिले मात्र हेर्नु पर्याप्त छैन । वृद्ध अभिभावकको एक्लोपन, बालबालिकाको अभिभावकीय अभाव र पारिवारिक सम्बन्धमा आउने परिवर्तनलाई पनि राष्ट्रिय बहसको विषय बनाउनुपर्छ ।

यसको अर्थ विदेश जाने नेपालीलाई दोष दिनु होइन। धेरैका लागि विदेश जानु रहरभन्दा बाध्यता हो । स्वदेशमा पर्याप्त रोजगारी नहुनु, श्रमको सम्मानजनक मूल्य नपाइनु र भविष्यप्रतिको अनिश्चितताले युवालाई विदेश जान बाध्य बनाएको छ । समस्या विदेश जानु मात्र होइन, विदेश जानुपर्ने बाध्यता हो ।

स्वदेशमै पर्याप्त र सम्मानजनक रोजगारी सिर्जना गर्न सके युवाको विदेश पलायन घटाउन सकिन्छ । कृषि, पर्यटन, उद्योग, सूचना प्रविधि, निर्माण, स्वास्थ्य, शिक्षा र सेवा क्षेत्रमा रोजगारीका अवसर विस्तार गर्न आवश्यक छ । युवाको सीप र उद्यमशीलतालाई प्रोत्साहन गर्दै उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्नुपर्छ ।

त्यसैगरी, विदेशमा रहेका नेपालीको ज्ञान, सीप, पुँजी र अनुभवलाई देशको विकाससँग जोड्नुपर्छ । उनीहरूले कमाएको रकम उपभोगमा मात्र सीमित नभई उत्पादन र रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी हुने वातावरण बनाउनुपर्छ । यसबाट वैदेशिक रोजगारीबाट प्राप्त आर्थिक लाभलाई दीर्घकालीन राष्ट्रिय विकासमा उपयोग गर्न सकिन्छ ।

समृद्धि प्रतिव्यक्ति आयले मात्र मापन हुँदैन । परिवारका सदस्य सँगै बस्न पाउने अवस्था, वृद्ध आमाबुबाले सन्तानको साथ पाउने र युवाले आफ्नै देशमा भविष्य देख्न सक्ने वातावरण पनि समृद्धिका महत्त्वपूर्ण सूचक हुन् । त्यसैले दसैंले उठाउने प्रश्न भावनात्मक मात्र होइन, आर्थिक र नीतिगत पनि हो । किन नेपाली युवाले भविष्यको खोजी देशबाहिरबाट सुरु गर्नुपर्छ ? किन आफ्नो श्रमको उचित मूल्य खोज्न हजारौं किलोमिटर टाढा जानुपर्छ ? यसको उत्तर राज्यको नीति, रोजगारी सिर्जना र अर्थतन्त्रको संरचनामा खोजिनुपर्छ । दसैंलाई टीका, जमरा, नयाँ कपडा र पारिवारिक भोजमा मात्र सीमित गर्नु हुँदैन । यो आत्मसमीक्षाको अवसर पनि हो । विप्रेषणले घरको आर्थिक अवस्था सुधारिरहँदा पारिवारिक सम्बन्ध कमजोर त भइरहेका छैनन् ? आर्थिक समृद्धिको खोजीमा आत्मीयता र सामाजिक सम्बन्धको मूल्य त चुकाइरहेका छैनौं ? यी प्रश्नले राज्य र समाज दुवैलाई सोच्न बाध्य बनाउनुपर्छ । परदेशी नेपालीको पसिनाले अर्थतन्त्र धानेको छ, तर उनीहरूको अनुपस्थितिले परिवारमा खालीपन पनि सिर्जना गरेको छ । त्यसैले सरकारले वैदेशिक रोजगारीबाट प्राप्त आर्थिक लाभसँगै त्यसका सामाजिक प्रभावलाई पनि नीतिगत प्राथमिकतामा राख्नुपर्छ ।

दसैंको वास्तविक मर्म पारिवारिक पुनर्मिलन, आत्मीयता र आशीर्वाद हो । विप्रेषणले घरको चुलो बले पनि सन्तानको अनुपस्थिति पैसाले पूर्ण रूपमा पूर्ति गर्न सक्दैन । अबको राष्ट्रिय लक्ष्य नेपाली युवाले विदेश जान पाउने अधिकारसँगै स्वदेशमै रोजगारी र अध्ययनको अवसर पाउने अवस्था निर्माण गर्नु हो। विदेश जानु विकल्प बनोस्, बाध्यता होइन । दसैंमा घर फर्किनु सपना होइन, जीवनको सहज अवसर बनोस् ।

# मलेसियाका नेपाली परिवारसँग दसैं



● तिलोचन गौतम

*मलेसियाको कुनै होस्टलमा साथीले लगाइदिएको सानो टीकाको ठुलो महत्त्व छ । दशकौंदेखि त्यहीँ बसेको नेपाली परिवारको आँगनमा भएको भेलाको सन्देश झन् ठुलो छ । त्यसले भन्छ- परदेशले दूरी बढाउन सक्छ, तर दसैंले नेपाली मनलाई बर्सेनि घरतिर फर्काइरहेको छ ।*

दसैं नेपालमा मात्रै आउँदैन । नेपाली जहाँ पुगेका छन्, दसैं पनि त्यहाँ पुगेको छ । फरक यति हो- नेपालमा दसैं घरको आँगनमा आइपुग्छ, परदेशमा भने मनभित्र ।

मलेसियाका सहर, औद्योगिक क्षेत्र, सुरक्षा पोस्ट, होस्टल र नेपाली बस्तीमा हरेक वर्ष दसैं आउँछ । कतै परिवार जम्मा हुन्छ, कतै साथीभाइबीच टीका आदानप्रदान हुन्छ । कतै नेपाली संघ-संस्थाले सामूहिक कार्यक्रम आयोजना गर्छन् । कतै रोजगारदाताले नेपाली श्रमिकलाई बिदा दिन्छन् । तर कतिपय नेपालीका लागि विजया दशमीको दिन पनि अरू दिनजस्तै ड्युटीमै बित्छ ।

त्यस दिन उनीहरूको दसैं एउटा फोन कलमा अटाउँछ । नेपालमा रहेका आमाबुवा, श्रीमती, छोराछोरी वा आफन्तसँग गरिएको भिडियो कलमा । त्यसैले मलेसियामा नेपालीको दसैं विविध रंगको हुन्छ ।

**आफ्नै घरको खोजी**

मलेसियासँग नेपालीको सम्बन्ध आजको वैदेशिक रोजगारीबाट मात्र सुरु भएको होइन । समयसँगै यहाँ नेपाली समुदाय विस्तार हुँदै गयो । विशेषगरी १९८० को दशकतिर सुरक्षागार्डका रूपमा नेपालीको आगमन बढ्यो । आज यहाँ पुरानो पुस्ताका परिवारदेखि नयाँ पुस्ताका श्रमिकसम्म भेटिन्छन् । कसैका लागि मलेसिया रोजगारीको गन्तव्य हो, कसैका लागि व्यवसायको थलो । कतिपयका लागि यही कर्मभूमि घरजस्तै बनिसकेको छ । त्यसैले मलेसियाको दसैंलाई एउटै ढाँचामा राख्न सकिँदैन ।

दशकौंदेखि मलेसियामा बस्दै आएका नेपाली परिवारको दसैंमा परिवार र आफन्त जम्मा हुन्छन् । घरमै टीका लगाइन्छ, खाना बनाइन्छ र शुभकामना साटिन्छ । कतिपयले नेपालबाट आमाबुवा वा अन्य आफन्तलाई मलेसिया बोलाएर दसैं मनाउँछन् । मलेसियामा जन्मिएका वा हुर्किएका बालबालिकाका लागि दसैं अझ फरक अनुभव हो । टीका, जमरा, आशीर्वाद र पारिवारिक भेटघाटमार्फत उनीहरूले नेपाली संस्कार सिकिरहेका हुन्छन् । यस अर्थमा परदेशको दसैं एउटा पुस्ताले अर्को पुस्तालाई आफ्नो संस्कृति हस्तान्तरण गर्ने अवसर पनि हो ।

**ड्युटीमै बित्ने दसैं**

मलेसिया मुस्लिमबहुल देश भएकाले दसैंमा सार्वजनिक बिदा हुँदैन । त्यसैले धेरै नेपाली श्रमिकले विजया दशमीको दिन पनि नियमित काम गर्नुपर्छ । सुरक्षा गार्ड सुरक्षा पोस्टमा हुन्छन् । कारखानाका श्रमिक उत्पादनमा खटिन्छन् । निर्माण क्षेत्रमा काम गर्नेहरू निर्माणस्थलमै हुन्छन् । होटल, रेस्टुरेन्ट र सेवाक्षेत्रका कामदार ग्राहकको सेवामा व्यस्त हुन्छन् । तर ड्युटीमा रहेका नेपालीको मन भने नेपालमै हुन्छ । कामको फुर्सद मिल्नासाथ मोबाइल निकालिन्छ । घरमा फोन गरिन्छ । भिडियो कल हुन्छ । स्क्रिनको अर्को छेउमा आमाको हातमा टीका हुन्छ । बुवाको हातमा जमरा हुन्छ । छोराछोरी नयाँ कपडामा देखिन्छन् । केहीबेर दूरी हराएजस्तो लाग्छ । तर फोन काटिएपछि फेरि उही कोठा, उही होस्टल र उही ड्युटी बाँकी रहन्छ ।

दसैंको सबैभन्दा भावुक दृश्य त्यही हो, जहाँ एक नेपाली मलेसियामा हुन्छ र उसको परिवार नेपालमा । नेपालमा आमाले छोरालाई पर्खिरहेकी हुन्छिन् । छोराछोरी बुवाको हातबाट टीका लगाउने आशामा हुन्छन् । श्रीमती श्रीमान्को बाटो हेरेकी हुन्छिन् । तर परदेशीलाई कामले बाँधेको हुन्छ । यही हो धेरै परदेशी नेपालीको दसैं ।

**होस्टलमा बनाइएको सानो नेपाल**

घरबाट टाढा रहेका नेपालीका लागि साथीहरू नै परिवार बन्ने गर्छन् । दसैंको दिन कतिपय होस्टलमा नेपाली साथीभाइ जम्मा



हुन्छन् । कसैले जमरा ल्याउँछ । कसैले टीका तयार गर्छ । कसैले खाना पकाउँछ । अनि एक-अर्काको निधारमा टीका लगाइन्छ ।

बाबुआमाको हातको टीका नपरे पनि साथीको हातबाट लगाइएको टीकाले त्यो अभाव केहीबेर पूरा गर्छ । कतिपय नेपाली कार्यस्थलबाट टाढा रहेका साथीभाइ भेट्न जान्छन् । कोही घुम्न निस्कन्छन् । कोही नेपाली रेस्टुरेन्ट वा साथीको घरमा जम्मा हुन्छन् । यसरी दसैंले मलेसियामा नेपालीबीचको सामाजिक सम्बन्धलाई पनि नवीकरण गर्छ । नेपाली संघसंस्थाका कार्यक्रम पनि सामूहिक भेटघाटका चौतारी बन्छन् । शुभकामना आदानप्रदान, सांस्कृतिक कार्यक्रम, सामूहिक भोजन र भेटघाटमा वर्षभरि फरक-फरक ठाउँमा काम गर्ने नेपाली भेटिन्छन् । पुराना साथी भेटिन्छन् । नयाँ सम्बन्ध बन्छन् । केही घण्टाका लागि भए पनि 'आफ्नै समाज'मा फर्किएजस्तो लाग्छ ।

**बदलिँदो दसैं**

समयसँगै दसैं मनाउने शैली पनि बदलिएको छ । सामाजिक सञ्जाल परदेशमा रहेका नेपालीलाई एक-अर्कासँग जोड्ने माध्यम बनेको छ । नयाँ कपडा, टीका, जमरा, भोज र भेटघाटका तस्बिरले टाढा रहेका आफन्तलाई पनि जोड्छन् । तर चाडलाई प्रदर्शन र प्रतिस्पर्धाको विषय बनाउने प्रवृत्तिबाट भने सचेत हुन आवश्यक छ । दसैंको मूल्य खर्च, देखासिकी वा प्रदर्शनले होइन, सम्बन्ध र संस्कारले निर्धारण गर्छ । मलेसियामा कसैका लागि दसैं परिवारसँगको जमघट हो । कसैका लागि साथीभाइको भेट । कसैका लागि कम्पनीले दिएको एक दिनको बिदा । कसैका लागि होस्टलको कोठामा लगाइएको टीका । र हजारौंका लागि घरमा गरिएको एउटा फोन कल ।

तर यी सबै जोड्ने धागो एउटै छ- नेपालको सम्झना ।

परदेशमा दसैं आउँदा धेरै नेपालीको मन पहिले घर पुग्छ । शरीर मलेसियामा हुन्छ, तर मन गाउँको बाटो हिँडिरहेको हुन्छ । दसैंको अर्थ निधारमा टीका लगाउनु मात्र होइन । ठुलाबडाको आशीर्वाद लिनु, परिवारसँग भेट्नु, आफन्तसँग सम्बन्ध नवीकरण गर्नु, टाढा रहेकालाई सम्झनु र आफ्नो संस्कार अर्को पुस्तालाई हस्तान्तरण गर्नु पनि हो । त्यसैले मलेसियामा टीका लगाउन नपाएको नेपाली पनि दसैंबाट टाढा हुँदैन । कामको पोसाकमा रहेको सुरक्षा गार्डले पनि दसैं सम्झिरहेको हुन्छ । कारखानाको ड्युटीमा रहेको श्रमिकले पनि घर सम्झिरहेको हुन्छ । होस्टलमा साथीभाइसँग खाना पकाउनेले पनि दसैं मनाइरहेको हुन्छ ।

परदेशमा दसैंको रंग नेपालभन्दा फरक होला । आफन्त कम होलान् । पिङ नहोला । गाउँको बाटो नहोला । तर भावना उस्तै हुन्छ । किनकि दसैं अन्ततः ठाउँको चाड होइन- सम्बन्धको चाड हो । मलेसियाको कुनै होस्टलमा साथीले लगाइदिएको सानो टीकाको ठुलो महत्त्व छ । दशकौंदेखि त्यहीँ बसेको नेपाली परिवारको आँगनमा भएको भेलाको सन्देश झन् ठुलो छ । त्यसले भन्छ- परदेशले दूरी बढाउन सक्छ, तर दसैंले नेपाली मनलाई बर्सेनि घरतिर फर्काइरहेको छ ।

# बौद्ध र सनातन धर्ममा विजया दशमी



● डा. उद्धव पुरी

*विजयादशमी सनातन परम्परामा देवी दुर्गा र रामको आसुरी शक्तिमाथिको विजयको प्रतीक हो । बौद्ध परम्परामा भने यो अशोकले हिंसा त्यागी अहिंसा, शान्ति र धम्मको बाटो रोजेको दिनका रूपमा स्मरण गरिन्छ । अर्थ फरक भए पनि दुवैमा विजयको साझा सन्देश छ ।*



आश्विन शुक्ल प्रतिपदादेखि सुरु हुने बडादसैं वा विजयादशमी सनातन तथा हिन्दू धर्मावलम्बीको प्रमुख र लामो पर्वमध्ये एक हो । दशमीको दिनलाई दुर्गा र रामसँग जोडेर आसुरी शक्तिमाथि विजय प्राप्त गरेको दिनका रूपमा मनाउने परम्परा छ । सनातन मान्यताअनुसार देवी दुर्गाले महिषासुर तथा भगवान् रामले सीताको हरण गरी दानवीय स्वरूप देखाएका रावणको वध गरेको सम्झनामा विजयादशमी मनाइन्छ । अन्याय, अत्याचार र अमानवीय प्रवृत्तिमाथि सत्य र धर्मको विजय भएको दिनका रूपमा यसलाई लिइन्छ । त्यसैले यस अवसरमा देवीको आराधना र रामको पूजा विशेष मानिन्छ ।

नेपाल र भारतका केही स्थानमा दसैंलाई मांसाहारी पर्वका रूपमा मनाउने चलन छ भने अन्य धेरै स्थानमा सनातन धर्मावलम्बीले शाकाहारी रूपमा पर्व मनाउँछन् । बौद्ध परम्परामा पनि विजयादशमीको आफ्नै अर्थ र अभ्यास छ । विशेषगरी काठमाडौं उपत्यकामा सनातन र बौद्ध समुदायले आ-आफ्नो परम्परा र मान्यताअनुसार दसैं मनाउँदै आएका छन् । कतिपय अवस्थामा यी परम्परा यति नजिक देखिन्छन् कि समुदाय छुट्याउनसमेत कठिन हुन्छ ।

विजयादशमीको दिन थेरवाद र महायान बौद्ध परम्परामा अहिंसा, शान्ति र हिंसा त्यागको दिनका रूपमा पनि स्मरण गरिन्छ । यस दिन विहार तथा चैत्यमा विशेष पूजा-आराधना गरिन्छ र अहिंसा, शान्ति तथा सहिष्णुताको मार्गमा अघि बढ्न प्रेरित गरिन्छ । यस सन्दर्भमा मौर्य सम्राट अशोकको प्रसंग महत्त्वपूर्ण मानिन्छ । बौद्ध परम्परामा विजयादशमीलाई अशोकले हिंसाको बाटो त्यागी बौद्ध धर्म तथा धम्मको मार्ग अपनाएको दिनका रूपमा स्मरण गर्ने गरिन्छ ।

गौतम बुद्धको महापरिनिर्वाणपछि करिब तीन सय वर्षपछि अशोकको समय सुरु भएको मानिन्छ । त्यतिबेला हालको भारत एउटै राज्य थिएन । विभिन्न राज्य र साम्राज्य अस्तित्वमा थिए । तीमध्ये पाटलीपुत्र शक्तिशाली राज्यका रूपमा परिचित थियो, जुन अहिलेको विहार राज्यमा पर्ने पटना आसपासको क्षेत्र हो ।

अशोक राजा विन्दुसारका छोरामध्ये एक तथा मौर्य साम्राज्यका संस्थापक चन्द्रगुप्त मौर्यका नाति थिए । उनी राजगद्दीको स्वाभाविक उत्तराधिकारी थिएनन् । तर शासनसत्ताप्रतिको महत्त्वाकांक्षाका कारण उनले दाजुभाइसँग संघर्ष गरे र अन्ततः राजगद्दीमा पुगे ।

राजा बनेपछि उनले राज्य विस्तारको अभियान तीव्र बनाए । छोटो समयमै मौर्य साम्राज्य भारतीय उपमहाद्वीपको ठुलो भूभागसम्म फैलियो । यही विस्तारवादी अभियानका क्रममा कलिंगसँग उनको भयानक युद्ध भयो । इसापूर्व २६१ तिर भएको कलिंग युद्धमा अशोक विजयी भए । तर युद्धले ठुलो जनधनको क्षति भयो । हत्या, विनाश र पीडाको त्यो दृश्यले उनलाई गहिरो रूपमा विचलित बनायो । विजयपछि पनि उनी शोक र पश्चात्तापमा परे । त्यसपछि बौद्ध भिक्षु उपगुप्तसँगको भेटले उनको जीवनमा महत्त्वपूर्ण परिवर्तन ल्याएको बौद्ध परम्परामा उल्लेख पाइन्छ । उपगुप्तको शिक्षाबाट प्रभावित अशोकले विगतको हिंसात्मक जीवनप्रति पश्चात्ताप गर्दै बौद्ध धर्म र धम्मको मार्ग अपनाउने अठोट गरे ।

त्यसपछि अशोकको जीवनको दिशा नै परिवर्तन भयो । उनले हतियार र हिंसाको बाटो त्यागेर अहिंसा, धार्मिक सहिष्णुता, सत्य र प्राणीहितलाई प्राथमिकता दिए । त्यसैले बौद्धमार्गीका लागि विजयादशमी एउटा पर्व मात्र होइन, हिंसामाथि अहिंसा र अशान्तिमाथि शान्तिको नैतिक तथा आध्यात्मिक विजयको दिन पनि हो ।

अशोकले आफू मात्र धम्मको मार्गमा लागेनन्, बौद्ध शिक्षाको प्रचार-प्रसारमा पनि ठुलो योगदान दिए । आफ्ना परिवार र अनुयायीलाई समेत यस अभियानमा सहभागी गराउँदै बौद्ध शिक्षा भारतवर्षभन्दा बाहिरसम्म फैलाउन भूमिका खेले । बुद्धका आर्यसत्य, शान्ति, मैत्री र करुणाजस्ता शिक्षाले विभिन्न भूगोल र समुदायमा प्रभाव पार्न थाले ।

यसरी एउटै विजयादशमीलाई सनातन परम्पराले दैवी शक्तिको विजयका रूपमा सम्झन्छ भने बौद्ध परम्पराले अहिंसा, शान्ति र करुणाको विजयका रूपमा स्मरण गर्छ । अर्थ र अभ्यास फरक भए पनि दुवै परम्पराले अन्ततः असत्यमाथि सत्य, हिंसामाथि अहिंसा र अन्धकारमाथि उज्यालोको विजयको सन्देश दिन्छन् ।





































प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: मदनकुमार श्रेष्ठ सम्पादक: जनक नेपाल